Vangmaya
Vol. 21, No. 1: 83-94, December 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v21i1.74238

# *शरणार्थी* उपन्यासमा निर्वासन चिन्तन

**बिन्दु शर्मा (विद्यावारिधि)**

## लेखसार

*प्रस्तुत लेख कृष्ण धरावासीको 'शरणार्थी' उपन्यासमा अभिव्यक्त निर्वासन चेतना विश्लेषणमा आधारित छ । यसमा मूल समस्याको समाधानका लागि उपन्यासमा प्रकटित निर्वासन चिन्तनलाई विश्लेषण गर्न बलपूर्वक पात्रको विस्थापन, सीमापार सार्ने काम र पीडितलाई स्थायी रूपले लखेट्ने मनसाय जस्ता प्रतिमानको उपयोग गरिएको छ । प्रस्तुत लेखको सैद्धान्तिक ढाँचाको मूल आधार निर्वासन चिन्तनको अध्ययनअन्तर्गत एड्वार्ड डब्ल्यु सइदको 'वर्चस्व और प्रतिरोध' (२०१५) कृतिमा प्रस्तुत सिद्धान्त रहेको छ । निर्वासन चिन्तन शरणार्थी समस्यासँग सम्बन्धित अन्तर्राष्ट्रिय राजनीतिक विषय रहँदारहँदै पनि अन्तःविषयक समालोचना पद्धतिका रूपमा साहित्यले सहजै अङ्गीकार गरेको विषय हो । समालोचनाका क्षेत्रमा निर्वासन चिन्तन नश्लीय र धार्मिक चेतना विकसित समुदाय र त्यस्ता देशको आन्तरिक द्वन्द्व तथा राज्यले लिएको विभेदकारी नीतिका कारणबाट जातीय, वैचारिक र धार्मिक अल्पसङ्ख्यक समुदायमा पर्ने विलोपनको प्रभाव र त्यसले निम्त्याएको परिचयहीनताको स्थितिका आधारमा कृतिको विश्लेषण गर्ने सिद्धान्त हो । यसले साहित्यिक पाठमा रहेका पात्रहरूको विस्थापन हुँदाका क्षण, शरण लिएको राज्यमा उनीहरूले गरिरहेको सङ्घर्ष, स्वदेश फिर्तीको आकाङ्क्षा, उनीहरूलाई देशबाट धपाउने राज्यको दीर्घकालीन रणनीति जस्ता पक्षहरूको खोजी गरी तिनको प्रयोजनपरक ढङ्गले विश्लेषण गर्ने काम गर्दछ । 'शरणार्थी' उपन्यासको विश्लेषणअन्तर्गगत यस आलेखमा बलपूर्वक नागरिकहरूको विस्थापन, उनीहरूलाई नेपालको सीमासम्म छोड्ने र पीडितलाई स्थायी रूपले देशबाट लखेट्ने मनसाय विश्लेषणका माध्यमबाट निर्वासन चिन्तन पहिचान गरिएको छ । प्रस्तुत उपन्यासमा निर्वासनका तत्त्वहरूको संयोजन, निर्वासनका कारण एवम् त्यसको प्रभावबाट सिर्जित निर्वासन चिन्तनको प्रकटीकरणका लागि गरिएको आख्यानीकृत र संवेदनशील वर्णनात्मक अभिव्यक्तिबाट प्रस्तुत उपन्यास प्रभावकारी रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : निर्वासन, परिचयहीनता, पारराष्ट्रिय, पारसांस्कृतिक, विच्छेदन ।

## १. विषयपरिचय

प्रस्तुत अध्ययन कृष्ण धरावासीको *शरणार्थी* (२०५६) उपन्यासमा अभिव्यञ्जित निर्वासन चिन्तनमा केन्द्रित छ । आफ्नो भूमिबाट निर्वासित पात्रको पलायन, विच्छेदन र क्षतविक्षत अवस्थाको अनुभूतिमा आधारित चेतनालाई निर्वासन चिन्तन (डिपोर्टेसन थट) भनिन्छ । निर्वासन बहुसङ्ख्यक मानिसले अल्पसङ्ख्यक मानिसहरूमाथि बलजफ्ती थोपरिएको विलोपनको अवस्था हो । यसले मानिसलाई परम्परा, परिवार तथा भूगोलसँग सम्बन्धित आत्मीयताबाट वञ्चित गर्दछ । निर्वासन मूलतः व्यक्तिको गरिमा र पहिचान समाप्त पार्नका लागि गरिने भएकाले परिचयहीन जीवन बाँचिरहेका, वासस्थानको अनिश्चितताबाट पिरोलिएका तथा राज्यकेन्द्रित एकसूत्रताको आधार गुमाएका व्यक्तिहरूमा निर्वासन चिन्तन प्रबल हुन्छ । स्वदेश फर्कने अनुमति नहुने भएकाले आफ्नो राज्य, परम्परा, भाषा, संस्कृति आदिबाट विच्छेदन

भएका जातीय वा राष्ट्रिय समूहमा यस्तो चिन्तन विकसित हुने गर्दछ । आश्रयप्राप्त मुलुक घर बन्न नसकेको अवस्थाको अभिव्यक्तिको सघनता तथा नश्लीय समानताका कारण निर्वासित राज्यलाई आफ्नो देश मान्न खोजेको तर असफल बनेको स्थिति यसमा विद्यमान हुन्छ । निर्वासित व्यक्ति आफ्नो आधारबाट, आफ्नो भूगोलबाट र आफ्नो अतीतबाट छुट्टिएका हुन्छन् । उनीहरूको न कुनै राज्य न कुनै राष्ट्रिय पहिचान हुन्छ । त्यसैले उनीहरूको आकाङ्क्षा राष्ट्रको खोजी गर्दै आफ्नो अवशिष्ट जिन्दगीलाई जोड्नुमा रहन्छ । देशबाट बलपूर्वक निकालिएका हुनाले यिनीहरूले आफ्नो वैधताको तर्क पनि देशबाहिरबाट नै गर्ने गर्दछन् । निर्वासन चिन्तन शताब्दीऔँ पहिलेको देशनिकालाको दण्डपद्धतिसँग जोडिएको छ र बिसौँ शताब्दीपछिको राज्यव्यवस्थाको नश्लीय परिपाटीले पनि यसलाई निरन्तरता दिएको छ ।

*शरणार्थी* (२०५६) कृष्ण धरावासीको पहिलो उपन्यास हो । उनका आधा बाटो (२०५९), राधा (२०६२), तपाईं (२०६४), टुँडाल (२०६५), पाण्डुलिपि (२०६९), गेष्टापो (२०७०), ग्रेट फल्स (२०७२) र अर्धकट्टी (२०८१) उपन्यास प्रकाशित छन् । *शरणार्थी*मा उनले शरणार्थी पात्रहरूको पीडा, आकर्षण, चिन्तन, चिन्ता र दर्शनलाई समायोजन गरेका छन् । नेपालमा शरणार्थीको अवस्थिति हेर्दा चीनले सन् १९५८ मा स्वतन्त्र तिब्बतलाई अधीनमा लिएपछि त्यहाँका धर्मगुरु दलाई लामा हजारौँ तिब्बतीसहित भागेर भारतमा शरण लिन पुगे । सोही क्रममा केही तिब्बतीहरू नेपालमा शरण लिएर बस्न थालेको पाइन्छ भने सन् १९८० मा भारतको मेघालयबाट तथा सन् १९९० देखि भुटानबाट लेखेटिएका शरणार्थीहरूको प्रमुख आश्रयस्थल पनि नेपाल नै बनेको देखिन्छ । यस प्रकार शरणार्थीहरूको आगमन नेपालका लागि आर्थिक, राजनीतिक एवम् कूटनीतिक समस्या बन्दै गएपछि उनीहरूको मानवअधिकार, जीविकोपार्जन र व्यवस्थापन पनि राजनीतिक बहसको मुद्दा नै बन्न थालेको हो । राज्यका सामु प्रकटित शरणार्थीको अवस्था र समस्याको चित्रणमा साहित्यकारको दृष्टि पर्न थालेपछि २०५० को दशकदेखि नै नेपाली साहित्यमा शरणार्थीहरूका निर्वासन चिन्तनमा आधारित लेखनको प्रारम्भ भएको हो । यसै क्रममा कृष्ण धरावासीको *शरणार्थी* (२०५६) *शरणार्थी* समस्यामा आधारित नेपाली उपन्यासका रूपमा देखा परेको छ । यसमा बर्मा, भुटान र तिब्बतका बासिन्दा रहेका तथा विभिन्न कृतिबाट शरणार्थी बनेका पात्रहरूले भोगेका अवस्था जस्तै : बलपूर्वक राज्यबाट गरिएको विस्थापन, सीमापार हुनपुर्दाको सङ्कट र आफूहरूलाई स्थायी रूपमा लखेट्ने राज्यको मनसायलाई आख्यानीकृत स्वरूपमा उद्घाटन गरिएको छ । यसमा इन्द्रबहादुर राईको 'जयमाया आफूमात्र लिखापानी आइपुगी' कथामा दोस्रो विश्वयुद्धका क्रमको आक्रमणको सन्त्रास एवम् स्थानीयहरूबाट भएको हिंसाबाट प्रताडित भएर बर्माबाट भागेर आसामको लिखापानीसम्म आइपुगेका पात्रहरूको पुनर्सिजना गरी उनीहरूले निर्वासनमा रहँदा आफ्नो खण्डित जीवनको व्यवस्थापनका निम्ति गरेका प्रयत्नहरूमा निर्वासन चिन्तन प्रबल रहेको छ । यसै उपन्यासको भूमिकामा दान खालिङले प्रस्तुत उपन्यासमा धरावासी स्वजाति सचेत देखिएको बताउँदै यस कृति राजनीतिको उपज नभई जातीय र राष्ट्रिय अनुभवको उपज रहेको बताएका छन् । त्यसै गरी नेत्र एटम (२०७०) ले *शरणार्थी* उपन्यासमा विभिन्न चौध ओटा कृतिहरूको विनिर्माण गरी नवीन औपन्यासिक संरचना र बहुअर्थकता दिएको बताउँदै यस कृतिको विसंरचना, छलसाधन, रूपान्तरण, सङ्क्षेपन, समुच्चयन, व्यापकीकरण, अमूर्तीकरण र संश्लेषणका प्रक्रियाबाट विश्लेषण गरेका छन् । निलुफर बञ्जारा (सन् २०२२) ले शरणार्थी उपन्यासमा 'जयमाया आफू मात्र लिखापनी आइपुगी' कथाको पुनःपठन र पुनर्सिर्जनको मूल्याङ्कन गरेकी छन् भने रेखा रेग्मी (सन् २०२३) ले *शरणार्थी* उपन्यासलाई विनिर्माणका आधारमा अध्ययन गरेकी छन् । उपर्युक्त कुनै पनि पूर्वाध्ययनमा शरणार्थी उपन्यासमा शरणार्थीको निर्वास चिन्तनको अध्ययन नभएकाले यो क्षेत्र अनुसन्धानका निम्ति रिक्त देखिन्छ । अतः धरावासीको *शरणार्थी* उपन्यासमा शरणार्थीका सन्दर्भबाट निर्वासन चिन्तनको उद्घाटन के कसरी गरिएको छ भन्ने प्राज्ञिक समस्या रहेको हुनाले सोही समस्याको समाधान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको छ । *शरणार्थी* उपन्यासमा बलपूर्वक पात्रको विस्थापन, उनीहरूलाई सीमापार सार्ने काम र पीडितलाई स्थायी रूपले लखेट्ने

मनसाय रहेको वास्तविकताको तार्किक अभिव्यक्ति रहेकाले निर्वासन चिन्तनका आधारबाट यस उपन्यासको विश्लेषण गर्नु औचित्यपूर्ण रहेको छ ।

## २. अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक शोधविधिमा आधारित छ । यसमा प्राथमिक सामग्रीको सङ्कलन *शरणार्थी* उपन्यासमा प्रकटित शरणार्थीका क्रियाकलाप, शताब्दीऔँदेखि बसोबास गरिरहेको राज्यबाट बलपूर्वक निष्काशित हुनुपर्दाका उनीहरूका भोगाइ, पीडितलाई दीर्घकालीन रूपले लखेट्ने राज्यको मनसायलाई प्रस्तुत गर्ने सन्दर्भहरूबाट गरिएको छ । यसरी सामग्री लिँदा निर्वासन चिन्तन विश्लेषणका निम्ति उपयुक्त प्रसङ्गमा मात्र सोद्देश्य नमुना छनोट पद्धति प्रयोग भएको छ । यस अध्ययनमा द्वितीयक सामग्रीका रूपमा उपन्यासमा निर्वासन चिन्तन विश्लेषणका लागि आवश्यक सैद्धान्तिक ग्रन्थ, निर्वासन चिन्तन भएका अनुसन्धानात्मक लेख उपयोग गरिएको छ भने समस्या समाधानका लागि मूलतः पाठविश्लेषणको पद्धति उपयोग गरिएको छ । उपन्यासमा प्रकटित निर्वासन चिन्तनलाई बलपूर्वक पात्रको विस्थापन, नागरिकलाई सीमापार सार्ने काम र पीडितलाई स्थायी रूपले लखेट्ने मनसाय विश्लेषणमा मात्र यस अध्ययनलाई सीमित गरिएको छ ।

## ३. सैद्धान्तिक आधार

आफ्नो देशबाट निष्कासनमा परेका व्यक्ति वा समुदायको बेघर परिचयहीन हुनुपर्दाको अवस्था नै निर्वासन हो । कुनै पनि व्यक्ति वा समुदायमा आफ्नो जन्मभूमि, आफ्नो 'स्व' र यही 'स्व' को वास्तविक आश्रयबाट विस्थापित हुनुपरेको अवस्थामा निर्वासन चिन्तन विकसित हुने गर्दछ । निर्वासन त्यस्तो चोट हो, जो कहिल्यै पनि भरिँदैन र यसका भित्री तहसम्म गडेको व्यथाबाट पार पाउन पनि असम्भव हुन्छ (सइद, सन् २०१५, पृ. ३७६) । परिचितभन्दा बाहिरको जीवन जिउनुपर्ने, सधैँ घुमन्ते, केन्द्रहीन र विवादित परिस्थिति भोग्नुपर्ने भएकाले पीडितहरूमा निर्वासनको अवधि लम्बिँदै जाँदा व्यग्रता विस्फोट पनि हुन जान्छ । त्यसैले निर्वासन चिन्तनमा निर्वासित हुँदाको कहालीपूर्ण क्षणको वर्णन, विच्छेदन हुनुको वेदना र समृद्ध विगतका स्मृतिहरूको पटक पटक पुनरावृत्ति भइरहन्छ । निर्वासित व्यक्तिहरूले जीवन निर्वाहका लागि अवलम्बन गरेका पेसा, व्यवसाय, सफलता, असफलता, आशा, निराशा आदिको संयुक्त प्रस्तुति रहने भएकाले निर्वासन चिन्तनको साहित्यले निर्वासित व्यक्तिमा स्वदेश फिर्ता हुने क्षीण सम्भावनाका बिच पनि राष्ट्रियतालाई पुनःसंयोजित गर्ने जस्तो भावना र एक राष्ट्र निर्माणको आकाङ्क्षा जीवितै रहेको देखाउँछ । निर्वासित व्यक्तिमा जन्मने सुरक्षात्मक राष्ट्रवाद प्राय आत्मज्ञानका साथै आत्मविज्ञप्तिको केही कम आकर्षक रूपमा प्रकट हुन्छ (सइद, सन् २०१५, पृ. ३८८) । एउटा राष्ट्रिय इतिहासको निर्माण, पुस्तकालय र विश्वविद्यालय जस्ता राष्ट्रिय संस्थाको स्थापना जस्ता पक्ष पनि यसमा निहित हुन्छन् । यस्ता प्रयासबाट नै 'स्व'को खोजीप्रक्रिया सुरु हुन्छ र यो 'जातीयता' जस्तो सकारात्मक पक्षमा मात्र सीमित नभई कुनै व्यक्तिको गुमेको समृद्ध विगतको पीडादायी आत्मचेतनाका रूपमा पनि देखिन सक्छ । अर्कातिर आफ्नो भविष्यप्रति विचलन र भ्रमका कारण उनीहरूमा आक्रोशको अवस्था प्रकट हुन्छ जसले तनाव, निराशा र अवसादका समस्या देखिन थाल्छन् (सुरेज-ओरोज्को र अरू, सन् २०११, पृ. ४५३) । शरणार्थी बनी वासस्थान र परिवार गुमाउनुपर्दाको सन्त्रासले बालबालिका, किशोर र युवाहरूलाई नयाँ जीवनको आविष्कार, परिचयको खोजी र नयाँ अवस्थासँग अनुकूलन गर्ने प्रक्रियामा पनि अघि बढाएका हुन्छ (जायस र गुल्बास, सन् २०१७, पृ. २४६९) । यसरी

निर्वासन चिन्तनको साहित्यले मानव अनुभवको द्वैध प्रतीकका रूपमा एकातिर पीडा, निराशा र अवसादको अँध्यारो पक्ष अभिव्यक्त गरेको हुन्छ भने अर्कातिर साहसिकता, शिक्षा र खोजको संस्कृतिमा पृथक् स्थान बनाएको हुन्छ ।

निर्वासन शताब्दीऔँ पहिलेको देशनिकालाको दण्डपद्धतिसँग जोडिएको छ । देश निकाला भएपछि निर्वासित व्यक्ति सङ्कटपूर्ण जीवन जिउन बाध्य हुन्छ र उसमाथि पाराया हुनुको कलङ्कसमेत लाग्दछ । यसले व्यक्तिमा अनिश्चितताको वातावरण बनाउने हुँदा उसको मानसिक विकास र पारिवारिक सम्बन्धमा समेत असर पार्छ (सुरेज-ओरोज्को र अरू, सन् २०११ ए, पृ. २४९) । बिसौँ शताब्दीको राज्यव्यवस्थाको परिणामका रूपमा देखा परेको शरणार्थी अवस्थामा नै यसको स्वरूप स्पष्ट हुन्छ तथापि पहिलेका निर्वासित र पछिल्लो समयका निर्वासितहरूका बिचमा सङ्ख्या र स्तरको भिन्नता रहेको छ । आधुनिक हतियारको बलमा हुने गरेका युद्ध, साम्राज्यवाद र अधिनायकवादी शासकका असीम महत्त्वाकांक्षाबाट समसामयिक युग शरणार्थी, बेदखल समुदाय तथा पारगमन गराउने विशाल जनसमूहको रूपमा चिनिन थालेको छ । यसबाट पनि पछिल्लो युगका निर्वासितहरूमा एक प्रकारको पारसांस्कृतिक र पारराष्ट्रिय कल्पना दृष्टि विकसित भएको छ, जसले यसै प्रकारको यातना र विलोपन पहिलेका निर्वासितहरूले पनि भोगेका थिए भन्ने समाअनुभूति गराउँछ । निर्वासन चिन्तनको साहित्यमा निर्वासित व्यक्तिका साहसिक, केही रोमान्टिक, गौरवपूर्ण र सफलतम कार्यको पनि उल्लेख गरिएको हुन्छ तर यी सबै निर्वासित हुनुपर्दाको पीडामा आफूलाई सहज बनाउन गरिएका पात्रका प्रयास मात्र हुन् । त्यसैले निर्वासित व्यक्तिका जस्तासुकै उपलब्धिले पनि उसले सधैँका लागि गुमाएका चिजहरूको क्षतिपूर्ति गर्न सक्तैनन् (सइद, सन् २०१५, पृ. ३७६) । यसमा प्रकटित भाव कल्याणकारी मानवतावादको चेतनाले ओतप्रोत हुन्छ र त्यसमा निर्वासनबाट उब्जिएको विच्छिप्तता, क्षतविक्षत हुनुको दर्दनाक अनुभूति तथा निर्वासितहरूमाथि लादिएको विलोपनको स्थितिलाई संयोजन गरिएको हुन्छ ।

निर्वासन चिन्तनलाई परिभाषित गर्ने व्यक्ति एडवर्ड डब्ल्यु सइद हुन् । उनको *वर्चस्व और प्रतिरोध* (सन् २०१५) कृतिमा सङ्गृहीत 'निर्वासन चिन्तन' शीर्षकको लेखमा कुनै पनि देशले आफ्ना नगरिकलाई निर्वासिन गर्नुलाई मानवताविरुद्धको गम्भीर अपराध मानिएको छ । पात्रहरूमा निराशा, एन्जाइटी र जटिल मनोवैज्ञानिक अभिघातसमेत सिर्जना गराउने निर्वासनका कारणहरू दुई किसिमका छन्– पहिलो, कुनै पनि समुदाय सधैँका लागि खतरा हुने ठानेर र दोस्रो, मौजुदा समाजका निम्ति बाह्य उपस्थिति विपक्षमा हुने भएर । बर्मा र भुटानबाट निर्वासित गरिएका नेपाली मूलका नागरिकका सम्बन्धमा पनि यिनै कारण प्रमुख रहेका छन् । बर्माबाट दोस्रो विश्वयुद्धका क्रममा र त्यसपछि पनि स्थानीयहरूले आफूलाई खतरा हुने ठानेर गरेको लुटपाट र हिंसात्मक व्यवहारका कारण नेपाली मूलका नागरिकहरू विस्थापित भएका थिए । भुटानमा चाहिँ त्यहाँको भूमि आवाद गर्नका लागि दुवै देशका सरकारको समन्वयमा नेपालबाट शताब्दीऔँ पहिले पठाइएका समुदायको वर्चस्व रहने सम्भावना बढ्दै गएपछि त्यहाँको सरकारले स्थानीय डुक्पा र नेपाली मूलका नागरिकको अन्तरजातीय विवाहसम्बन्धी कानुन बनाएर (सन् १९८०) वर्णसङ्कर भुटानी जातिको निर्माण निर्माण गर्ने र जातीय भेदको अन्त्य गर्ने बताएको थियो तर त्यसपछि बनेको नागरिकता कानुनले नेपालीको वर्णसङ्कर सन्तान पहिलो दर्जाको नागरिक र त्यसका नेपाली मूलका माता वा पिता सातौँ दर्जाको नागरिक हुने व्यवस्था गऱ्यो । देशनिकाला गर्ने योजनाअनुसार नै सांस्कृतिक क्षेत्रमा पनि परिबन्धात्मक कानुनी व्यवस्था गरिएपछि उनीहरूले प्रतिरोध गर्न थालेको स्थितिमा राज्यले बलपूर्वक देशनिकाला गरेको थियो । नागरिकको विस्थापनसँग सम्बन्धित यस्ता घटनाक्रममा आधारित नेपाली साहित्यमा निर्वासन चिन्तनको प्रबलता रहेको छ । उपर्युक्त अध्ययनका आधारमा उपन्यासको निर्वासन चिन्तनलाई यहाँ तीन ओटा उपकरणको उपयोग गरी विश्लेषण गरिएको छ– (१) बलपूर्वक पात्रको विस्थापन, (२) नागरिकलाई सीमापार सार्ने काम, र (३) पीडितलाई स्थायी रूपले लखेट्ने राज्यको मनसाय ।

## ४. विमर्श र परिणाम

कृष्ण धरावासी (२०१७) सामाजिक, सांस्कृतिक र राजनीतिक बेथितिका कारण उत्पन्न विषम परिस्थितिलाई लीलालेखनका माध्यमबाट उजागर गर्ने प्रतिभा हुन् । उनको पहिलो उपन्यास *शरणार्थी*मा विभिन्न कृतिहरूको विनिर्माण गरी नवीन औपन्यासिक संरचनाका साथ शरणार्थी जीवन व्यतीत गरिरहेका पात्रका भोगाइहरूको कथन गरिएको छ । राजनीतिक र कृतिगत शरणार्थी गरी दुई प्रकारका समस्याको बहुलार्थकता सिर्जना गरिएको *शरणार्थी* उपन्यासका विभिन्न अध्यायहरूमा विभिन्न स्रोतहरूबाट भेला पारिएका पात्रहरू छन् तर तिनको समस्या भने शरणार्थी बन्नु नै रहेको छ (एटम, २०७०, पृ. १३८–१३८९) । यसका पात्रहरू, रामप्रसाद खनाल, जयमाया, बर्था, चन्द्रप्रकाश, जयबहादुर, नोयो आदि बर्मा, भुटान, मेघालय, आसाम आदि भूमिबाट र विभिन्न कृतिबाट खेदिएर नेपाल आएका पात्रहरूलाई शरणार्थी नाम दिइएको छ । तिनले आन्तरिक रूपमा बेग्लै समस्या र चिन्तन बोकेका भए पनि सबैले नेपालमा र *शरणार्थी* उपन्यासमा शरण लिएका छन् । यी पात्रका राज्यबाट लखेटिँदाका सङ्कट, शरणार्थी जीवनका भोगाइ, आश्रय लिएको मुलुकमा स्थापित हुनका लागि गरेका सङ्घर्ष र त्यस क्रमको दृष्टिकोणमा निर्वासन चिन्तन प्रकट भएको छ । यसमा नेपालमा शरण लिएका पात्रका राष्ट्रियताका आधारमा एकताबद्ध हुने, दोस्रो मुलुकमै स्थापित हुने र स्वदेश फिर्ता हुने जस्ता विविध निर्वासनका चिन्तनको आख्यानीकृत र तार्किक प्रस्तुति रहेको छ, जसलाई (१) बलपूर्वक पात्रको विस्थापन, (२) नागरिकलाई सीमापार सार्ने काम, र (३) पीडितलाई स्थायी रूपले लखेट्ने राज्यको मनसाय गरी निर्वासन चेतना विश्लेषणका निम्ति तीनओटा उपकरण प्रयोग गरिएका छन् ।

### ४.१ बलपूर्वकको विस्थापन

सामाजिक, सांस्कृतिक र आर्थिक आधारबाट बलपूर्वक विस्थापित गरिएका पात्र प्रयोग गर्नु निर्वासन चेतनाको आधारभूत पक्ष हो । यस किसिमको निर्वासनबाट निर्दोष व्यक्तिहरूको त्यस्तो विशाल समूह निर्माण हुन्छ, जसलाई तत्काल अन्तर्राष्ट्रिय अनुदानको आवश्यकता पर्दछ (सइद, सन् २०१५, पृ. ३८५) । त्यसैले यसमा पात्रका विस्थापित हुँदाका क्षण, शरण लिएको राज्यमा उनीहरूले गरिरहेको सङ्घर्ष एवम् स्वदेश फिर्तीको आकाङ्क्षा प्रभावशाली भएर आएको हुन्छ । घरविहीन र परिचयविहीन हुने भएकाले निर्वासित व्यक्ति आफ्नो परिवेशसँग जोडिएका अनिर्वासित व्यक्तिप्रति विद्वेषको भाव पनि राख्दछन् । यस्ता पात्रमा एक प्रकारको आत्मिक एकाकीपनको भाव पनि लुकेको हुन्छ र उनीहरू अधिकांश समय एउटा यस्तो सुन्दर दुनियाँ निर्माण गर्ने ध्याउन्नमा व्यतीत गर्दछन्, जसमा उनीहरू आफ्नो पहिचानसहित निर्भयपूर्ण जीवन जिउन सकून् । प्रस्तुत उपन्यासमा नेपाली मूलका भुटानी नागरिकका सम्बन्धमा त्यहाँको सरकारले लिएको विवाह र नागरिकताको नीति, पूर्वी नेपालका झापा र मोरङमा भुटानी शरणार्थी शिविर स्थापित भएका सन्दर्भ तथा पात्रमा देखिएको अतिशयोक्तिपूर्ण र एकाकी भावको वर्णनबाट बलपूर्वक पात्रहरूको विस्थापन भएको वास्तविकता उद्घाटन भएको छ । यसका साथै भुटानमा नेपाली जातिको वर्चस्व स्थापित हुने निश्चित जस्तै भएपछि त्यहाँको सरकारले उनीहरूलाई बलजफ्ती निष्कासन गर्नका लागि व्यक्तिको मौलिक हक हनन् हुने किसिमका कानुन लागु गरेको थियो । उपन्यासमा वर्णित तलको सन्दर्भबाट यसको पुष्टि हुन्छ :

> डुक्पा र नेपालीहरू बिच वैवाहिक सम्बन्ध गराउन सरकारले कानुनको निर्माण गर्‍यो, जसअनुसार अन्तरजातीय विवाहलाई प्रधानता दिइयो । सन् १९८० मा बनाएको एउटा कानुनले नेपाली मूलको जाति कालान्तरमा समाप्त भई वर्णसङ्कर भुटानी जातिको निर्माण हुने थियो र त्यहाँ जातीय विभेदको अन्त्य हुने थियो ।

> सन् १९८५ मा बनेको नागरिकता कानुनले भुटानमा रहेका नेपालीहरूको वर्गीकरण गऱ्यो, जसअनुसार सन् १९५८ देखिपछि भुटान प्रवेश गरेका नेपाली मूलका मानिसहरूकी आमा ७ नं. नागरिक र तिनले जन्माएको छोरो १ नं. नागरिक मानियो । (पृ. १२२–१२३)

भुटानमा कुनै पनि रैथाने आदिवासी नागरिक छैनन् । ऐतिहासिक तथ्यअनुसार त्यहाँ सबैभन्दा पहिले भारतको अरूणाचल प्रदेश र बर्माबाट सार्चोपहरू र बाह्रौं शताब्दीतिर तिब्बतबाट डुक्पाहरूको प्रवेशभएपछि उनीहरूले भुटान राज्यको स्थापना गरेका थिए । त्यसपछि भुटानको भौतिक विकास र निर्माणका लागि भारतका विभिन्न ठाउँमा छरिएर रहेका नेपाली मूलका मानिसलाई बोलाएर काममा लगाइयो । राजा सबद्रुङ नर्वाङ नामगेलको अनुरोधबाट राम शाहका पालामा गोर्खाबाट पचास परिवार र राजा शिवसिंह मल्लको पालामा ठुलो सङ्ख्यामा नेपालीलाई भुटान बोलाइएको थियो । यिनै नेपालीलाई त्यहाँ लोत्सोम्पा भन्न थालियो (पृ. २७–२८) । कालान्तरमा सोह्र प्रतिशत ड्वालाङ, एकतिस प्रतिशत सार्चोप तथा त्रिपन्न प्रतिशत लोत्सोम्पाहरूको जनसाङख्यिक उपस्थिति र भुटानका महत्त्वपूर्ण पदहरूमा पनि लोत्सोम्पाहरूकै वर्चस्व हुन थाल्यो । सार्चोप र ड्वालाङ जातिको आफ्नो छुट्टै कुनै तेस्रो मुलक नभएकाले आफूहरूलाई रैथाने आदिवासी मानी लोत्सोम्पाहरूको देश नेपाल भएकाले उनीहरूलाई विदेशी मानेर खेद्नका लागि भुटानमा उपर्युक्त नीति ल्याइएको थियो । यस किसिमको कानुनी व्यवस्थाको मारमा परेका लोत्सोम्पाहरूले आफूलाई आदिवासी करार गरेका समुदाय र सरकारले लेखेटने मनसायले गरेको अत्याचार सहन नसकेर भुटान छोड्न थाले । उपन्यासमा रामप्रसाद खनाललगायत सयौँ परिवार भुटानबाट विस्थापित भएर नेपाल पसेका थिए । “भुटानबाट खेदिएका नेपालीहरूको अनियन्त्रित ताँती नेपाल पस्न थालेपछि नेपाल रेडक्रसले तत्काल राहतका लागि कन्काइ माईको बगरमा अस्थायी क्याम्पको बगरमा स्थापना गरिएको” (पृ. २८) र पछि उनीहरूलाई नेपालको झापा र मोरङमा सात ओटा शरणार्थी क्याम्पहरूको स्थापना गरेर व्यवस्थापन गरिएको (पृ. १२४) भन्ने औपन्यासिक सन्दर्भले पनि *शरणार्थी* उपन्यासका पात्रहरू राज्यबाट विस्थापित हुनुपरेकाले दोस्रो मुलुकमा निर्वासित चिन्तनका साथ बाँचिरहेका देखिन्छन् । त्यसैले उनीहरूलाई तत्काल नेपाल रेडक्रसमार्फत अन्तर्राष्ट्रिय सहयोग उपब्लध भएको पनि छ ।

प्रस्तुत उपन्यासमा दोस्रो विश्वयुद्धका समयमा जापानी सैनिकको त्रासका बिचमा सानो सङ्ख्यामा रहेका गोर्खालीहरूमाथिको करेन विद्रोहीहरूको आक्रमणबाट प्राण जोगाउन मुस्किल भएपछि स्वदेशबाट सपरिवार विस्थापित भएका उपन्यासका पात्र सुबेदार शिवजित राईको तलको अभिव्यक्तिले पनि उनीहरू बलजफ्ती निष्कासनमा परेको प्रस्ट हुन्छ :

> यहाँ हाम्रो जिउधन केहीको सुरक्षा छैन । बाबुबाजेले कहिलेदेखि आएर यहाँ रगतपसिना बगाएथे, हामी यहीँ जन्म्यौँ । हामीले पनि यस भूमिलाई आफ्नै ठानेर सारा जीवन यहीँ बिताउने प्रयत्न गऱ्यौँ तर त्यसो नहुने रहेछ । ...भावनाले मात्र त्यो आफ्नो नहुने रहेछ । हेर त आज बर्मीहरूको यो उत्पात ! (पृ. ३४)

बर्माका स्थानीय मानिसहरूले विश्वयुद्धका क्रमको सन्त्रस्त र असंयमी परिस्थितिको मौका पारेर शताब्दीऔँदेखि त्यहाँ बसोबास गर्दै आएका नेपाली मूलका समुदायमाथि ज्यादति गरेका हुन् । त्यसैले प्रस्तुत उपन्यासमा बलजफ्तीको निष्कासनबाट पात्रहरूमा निर्वासन चिन्तन देखा परेको छ भने त्यसको मूल कारणका रूपमा युद्ध र आन्तरिक द्वन्द्व नै प्रमुख रहेको छ । त्यसै गरी बाबु शिवजित राईसँगै बर्माबाट भागेर भारत र भुटान हुँदै नेपालको शरणार्थी शिविरमा आइपुगेकी जयमायाको विस्थापनको पीडा र घरफिर्तीको चाहनाले पनि उपन्यासमा निर्वासन चिन्तनलाई अझ प्रगाढ बनाएको छ– “४७ वर्षदेखिकी म शरणार्थी ! आजसम्म मेरो बासको टुङ्गो लागेको छैन ।”....“दोस्रो विश्वयुद्धको घाउ

छातीमा बोकेर सन १९४५ देखि बर्माबाट खेदिन थालेकी म, आजसम्म आफ्नो देश पुग्न सकेकी छैन । आजसम्म म आफ्नो घर पुगेकी छैन" (पृ. ३०) । जन्मेको र बाल्यकाल बिताएको बर्मालाई आफ्नो देश मानेकी जयमाया आसाममको लिखापानी, सिक्किम र भुटान हुँदै झापाको शरणार्थी शिविरमा बस्नुपर्ने अवस्थामा आइपुग्नु भनेको तत्कालीन बर्मा सरकारले गरेको अल्पसङ्ख्यक गोर्खाली समुदायका नागरिकहरूको बलपूर्ण निष्कासन नै हो । घरविहीन र परिचयविहीन भएर घुमन्ते जीवन बिताइरहेकी उसको आफ्नो घर पुग्ने चाहनाबाट पनि यहाँ ऊ पितृभूमिको खोजी वा अवसर प्राप्तिको आकाङ्क्षाले प्रवासिएकी नभई राज्यबाट जबर्जस्ती निकालिएको प्रस्ट हुन्छ र उपन्यासमा चित्रित यही बाध्यात्मक परिस्थितिले नै उसको अन्तरतहमा रहेको निर्वासन चिन्तन अझ बलशाली बनेको हो । यसका साथै बर्माबाट भागेका जयबहादुर र चन्द्रप्रकाश जस्ता पात्रमा देखिएको एकाकीपन, निराशा र अतिशयोक्तिपूर्ण भावुकताले पनि बलपूर्वक विस्थापित हुनुको लक्षणलाई नै प्रगाढ बनाएको छ । अतः राज्यले लिएको कानुनी बाटो, त्यसले गरेको नागरिकको अपमान तथा उनीहरूमा पलाएको स्वपहिचान संरक्षणको भावनाका कारण प्रस्तुत उपन्यासमा बर्मा र भुटानको सरकारले नेपाली मूलका नागरिकलाई बलजफ्ती देशनिकाला गरेको सन्दर्भ नै निर्वासन चिन्तनको प्रमुख तत्त्वका रूपमा देखिएको छ । यसमा भएको पात्रका परिचयहीन हुनुपर्दाका पीडा, स्वेदेश फिर्तीका आकाङ्क्षा तथा शरणार्थी शिविरमा बितिरहेको निरीह दैनिकीको कुशल आख्यानीकरणका कारण उपन्यास पाठकमा संवेनदशील प्रभाव सिर्जना गर्न पनि सफल रहेको छ ।

## ४.२ नागरिकलाई सीमापार निष्काशन

निर्वासनको पहिलो चरणमा राज्यले गर्न खोजेको बलपूर्वक निष्कासनको पूर्ण पालनामा आनाकानी हुने र त्यसको साङ्गठनिक रूपबाट प्रतिरोध हुन सक्ने सम्भावना पनि रहने भएकाले राज्यले दोस्रो तरिकाका रूपमा त्यस्ता मानिसलाई आफ्नो राजनीतिक सीमाबाटै पारि सार्ने काम गर्दछ । यस चरणमा राज्यले जसरी भए पनि तत्कालका लागि भए पनि नागरिकहरूलाई निष्कासन गर्ने उद्देश्य राखेको हुन्छ । फस्वरूप यस स्थितिमा निर्वासित व्यक्तिमा आत्मज्ञानका साथै आत्मविज्ञप्तिको केही कम आकर्षक रूपमा सुरक्षात्मक राष्ट्रवादको जन्म हुनपुग्छ (सइद, सन् २०१५, पृ. ३८५) र उनीहरू जातीय वा सांस्कृतिक आधारबाट एकताबद्ध हुने प्रयास गर्दछन् । *शरणार्थी* उपन्यासमा लोत्सोम्पा जातिका नागरिकलाई स्वदेशबाट धपाउनका लागि भुटान सरकारले विभिन्न खालका अप्ठ्यारा नियमकानुनहरूको निर्माण गरेर उनीहरूको जिउधन नै असुरक्षित हुन पुगेको सन्दर्भलाई महत्त्वका साथ उठाएर राज्य नै नागरिकलाई सीमापार सार्ने काममा प्रत्यक्ष रूपले संग्लन रहेको बयान यसरी गरिएको छ :

> राज्यले निर्माण गरेका अव्यावहारिक कानुनहरूका विरुद्ध आवाज उठ्न थालेपछि सरकारले विरोधलाई दबाउन आफूसँग भएको शक्तिको प्रयोग गर्न थाल्यो भुटानी सरकारको अत्याचार दिनप्रतिदिन बढ्दै गएपछि ज्यानकै सुरक्षाका लागि भात्र भए पनि मानिसहरू भारतको सीमावर्ती क्षेत्रमा किनारा लाग्न थाले । भारतको सुरक्षाक्षेत्रभित्र रहेको भुटानले भारत सरकारको मौन समर्थनमा लोत्सोम्पा जातिलाई खेद्ने बल प्राप्त गरेको थियो । त्यसैले भुटानको सीमापारि भारतको डुवर्समा छाप्रा बनाई बस्न लागेका लोत्सोम्पाहरूलाई नेपाली मूलका भएका कारण भारतको पश्चिम बङ्गाल सरकारले ट्रकमा हालेर जबरजस्ती काँकरभिट्टा ल्याएर थुपारिदिन थाल्यो । (पृ. २८)

राज्यकै संलग्नतामा नागरिकहरूलाई बलजफ्ती सीमापार गराउनका लागि विद्रोह गर्नेहरूलाई मार्ने, नागरिकको धनमाल लुट्ने, महिलाहरूलाई बलात्कार गर्ने (पृ. १२४) जस्ता अकल्पनीय दमनका साथै छिमेकी देश भारतको

समेत सहयोग लिएर नागरिकलाई स्वदेशको सीमा पार गराई नेपालको सीमाभित्र ल्याएर छोड्नु जस्ता घटनाक्रमले पनि प्रस्तुत उपन्यास विषयवस्तुलाई मूलतः निर्वासनका कारण र परिणाममा केन्द्रित गरी सोहीअनुकूलको चिन्तन प्रकटीकरणतर्फ प्रवृत्त रहेको प्रस्ट हुन्छ ।

*शरणार्थी* उपन्यासमा राज्यबाट सीमापार गराइएका नागरिकहरूमा जातीय र सांस्कृतिक रूपमा एकताबद्ध हुने प्रयासका कारण सुरक्षात्मक राष्ट्रवाद पनि जागृत भएको छ । बर्माबाट निर्वासित भएर भारत पसेपछि आइतेले आफूले सिलाएको टोपीलाई नेपाली जातिको परिचय ठान्नु, न्यासुर कान्छाले आआफ्नो पुर्ख्यौली थलोको खोजीमा लाग्नुपर्छ भन्दै आफू दार्जिलिङतिर जाने बताउनु, (पृ. १७), गारोपहाडका नेपालीहरूले आफ्नै पञ्चायत बनाएर जातीय संस्थाको विकास गरी सुरक्षाको निमित्त सामूहिकतामा बाँधिन थाल्नु (पृ. २०) जस्ता सन्दर्भले यसैलाई पुष्टि गर्दछन् । यसका साथै पेट पाल्नका लागि सिक्किमका पाखाहरूमा बाटो खन्ने काम गर्दा भेट भएका बर्माकी जयमाया र तिब्बतकी नोयो दुवै तिनीहरूको राज्यले सीमापार धकेलेका पात्र हुन् । यिनीहरूले निर्वासनको अवस्थामा पनि आआफ्नो राष्ट्रियताको भावले एकताबद्ध हुने प्रयास गरिरहेका छन् । यस क्रममा जयमाया सन् १९३२ मा गुवाहटी सहरको बिचमा स्थापना भएको नेपाली मन्दिरलाई नेपाली जातिको एकताको प्रतीकका रूपमा अर्थ्याउँछे (पृ. ५१) भने नोयो आफ्नो भागको धर्ती आफूले उपयोग गर्नका लागि पनि तिब्बतीहरू आफ्नो हकको लडाइँ लडिरहेको यसरी बताउँछे :

> हामी त हाम्रै आस्था, विश्वास र मान्यतामा बाँची आएका थियौँ तर चिनियाँहरूले हामीलाई पहिला साह्रै फकाएर, भुक्याएर, पछि हाम्रो सम्पूर्ण सम्पत्ति हत्याए । यो धरती त सबैले समान रूपमा बाँच्न पाउने धरती हो । आआफ्नो भागमा परेको भोग गरी बाँच्न पाउनुपर्ने सबैले होइन र ?....यसैले हो जयमाया यसैले, हामी तिब्बतीहरूलाई अस्तित्वको युद्ध लड्न प्रेरित गरी । यसलाई बचाएर यहाँसम्म ल्याउन मैले कति दुःख गरेकी छु ...तर म निराश छैन । एक दिन हामी तिब्बतीहरूले आफ्नो राष्ट्र फिर्ता पाउने छौँ । हकको लडाइँ हाम्रो जारी छ । (पृ. ५५–५७)

तिब्बतीहरूको सबै सम्पत्ति खोसेपछि उनीहरूका सन्तानमाथि पनि पहिलो अधिकार चीन सरकारको रहने व्यवस्था भएको कुरा थाहा पाएर आफ्नो सन्तान आफैँले हुर्काउनका लागि नोयो र सोनाम स्वदेशबाट विस्थापित भएका हुन् । तिब्बती भूगोलपार गर्ने क्रममा विछुडिएको सोनामलाई नेपाल र भारतका सम्पूर्ण शिविरहरूमा गएर खोजी गर्ने बताएकी ऊ एक्लो र मजदुरी गर्दाको कठिन क्षणमा पनि आफ्नो राष्ट्रिय स्वतन्त्रताको पक्षमा अटल देखिनु सीमापार निर्वासनमा रहनुपर्दाको क्षणमा विकसित एकताबद्ध हुने तीव्र आकाङ्क्षाको परिणति हो ।

सीमापार गराइएका व्यक्तिको अधिकांश समय आफ्नो प्रभुत्वयुक्त एउटा नयाँ दुनियाँ निर्माण गर्नमा व्यतीत हुन्छ । यही तरिकाबाट उनीहरू आफ्नो क्षति र व्याकुलता बोधको भरपाई गर्ने प्रयास गर्दछन् । आफ्नो भत्किएको जिन्दगीलाई जोड्नु नै उनीहरूको पहिलो प्राथमिकता हुन्छ । यहाँ, बर्माबाट विस्थापित भएका रामप्रसाद खनालले आफूसँग भएको सुन चाँदी बेचेर भापाको शनिश्चरेमा दुई बिघा जमिन, बजारछेउमै घर तथा सानो र सफल किराना पसलसहितको आफ्नो सुन्दर दुनियाँ निर्माण गरेका (पृ. ८) छन् । बर्माबाटै भागेका चन्द्रप्रकाश बर्माकै बर्थासँग बिहे गरेर सिक्किमको साम्ची बजारमा व्यापारमा सफलता प्राप्त गरेका छन् । बर्था र जयमायाले पनि त्यहाँको स्कुलमा पढाएर आर्थिक आधारलाई बलियो बनाएका छन् (पृ. ७३) तर यी सबै पात्रहरू आफूले ठुलो परिश्रम र समय खर्चिएर निर्माण गरेको आफ्नो नयाँ र सफल संसारमा पनि विजयी विचारधाराको अभावका कारण निर्वासनको असहज र असह्य स्थिति भोगिरहेका छन् । वास्तवमा विजयी विचारधारा निर्वासित व्यक्तिको खण्डित इतिहासलाई पूर्णता दिनुसमानको हुन्छ

(सइद, सन् २०१५, पृ. ३८१) । "तर जयमाया...हामी सबै फर्की आए पनि हाम्रो कथाको अन्त्य विजयका साथ हुन सम्भव छैन । ...हामीले जित्न त सिङ्गो विश्वबाटै परायापनको हार हुनुपर्छ" (पृ. १४२) भन्ने जयबहादुरका भनाइले *शरणार्थी* उपन्यासका पात्रहरू पहिल्यै पराजित मानसिकता बोकेर बाँचेका देखिन्छन् । यसैका कारण रामप्रसाद खनालको परिवार अकल्पनीय रूपले छिन्नभिन्न भएर सकिएको छ । चन्द्रप्रकाश व्यावसायिक सफलताबाट पनि सन्तुष्ट हुन नसकी पलायन हुनु, जयबहादुर एकोहोरिँदै र निराशामा डुब्दै जानु जस्ता सन्दर्भबाट पनि प्रस्तुत उपन्यासका पात्रमा विजयी विचारधारा सिर्जना हुन नसकेका कारण उनीहरूले आफूलाई स्वदेशको सीमाबाट बाहिरिएर निर्वासित मुलुकमा पुनर्स्थापित समुदायको अंशका रूपमा मात्र हेर्न थालेको प्रस्ट हुन्छ ।

प्रस्तुत उपन्यासमा भुटान सरकारले गरेका परिबन्धात्मक व्यवस्था तथा भुटानीहरूलाई नेपालको सीमामा ल्याएर छोड्ने जस्ता छिमेकी राज्यका संवेदनाहीन कार्यबाट नागरिकलाई सीमापार धकेल्नका लागि राज्य नै प्रत्यक्ष रूपले संलग्न रहेको प्रस्ट भएको छ । यसले पीडित पात्रमा विस्थापनका असहज र असह्य स्थिति सिर्जना गरी निर्वासन चिन्तनलाई सघन बनाउनुका साथै पात्रको चारित्रिक विकासलाई अकल्पनीय बनाउँदै पाठकमा आख्यानात्मक सौन्दर्यको अनुभूति गराउने सन्दर्भबाट पनि उपन्यासलाई सफल बनाएको छ ।

## ४.३ स्थायी रूपले लखेट्ने मनसाय

राज्यले पीडितलाई स्थायी रूपले लखेट्ने मनसायका कारण नै उनीलाई परम्परा, परिवार तथा भूगोलसँग सम्बन्धित आत्मीयताबाट सधैँका लागि वञ्चित गरिदिन्छ । आफूले निष्काशन गर्न चाहेका नागरिक र समुदायलाई विस्थापित गराउन राज्यले अपनाएको यो अन्तिम तरिका हो । यसरी स्थायी रूपले लखेटिएर बेघर भएका व्यक्तिहरू आफ्नो संस्कृतिसँगै यात्रा गरिरहने घुमन्ते भएर रहन्छन् । त्यसैले तिनीहरू झोकी, एकान्तप्रिय, अतीतमोहमा डुबेका तथा जानीबुझीकन समयको मर्यादा पनि भत्काउने गर्दछन् । *शरणार्थी* उपन्यासमा लोत्सोम्पाहरूलाई स्थायी रूपले लखेट्नका लागि भुटानले कानुन बनाएरै उनीहरूको जातीय पहिरनका सट्टा डुक्पाहरूको पोसाक लगाउन तथा हिन्दु धर्म त्यागेर बौद्ध धर्म मान्न बाध्य बनाएको (पृ. १२३) छ भने लोत्सोम्पाहरूको बसोबास रहेको भूमिबाट पनि उनीहरूलाई उठाउन खोजिएको तलको सन्दर्भबाट पनि राज्यले उनीहरूलाई सधैँका लागि खेद्न चाहेको प्रस्ट हुन्छ :

> सन् १९८७ मै फेरि दक्षिणी भुटानका भारत र भुटानको सीमाभित्रको ५ कि.मी. जमिन खाली गरी ग्रिनबेल्ट बनाउने तथा फिन्चोलिङ सहर नै सार्ने घोषणा गरी नापीकार्य सुरु भयो । दक्षिणी भुटानको समतल भूमिमा अधिकांश नेपाली मूलका लोत्सोम्पाहरूको बसोबास थियो । भुटानको अन्नभण्डारको रूपमा परिचित त्यो मलिलो भूभाग, जसबाट उब्जेको अन्नले भुटानको ठुलो आवश्यकतालाई पूर्ति गर्थ्यो, तर नेपाली जातिहरूको पकडबाट त्यस भूमिलाई मुक्त गर्नका लागि त्यो ग्रिनबेल्ट एउटा षड्यन्त्रका रूपमा ल्याइएको योजना थियो । (पृ. १२३)

यसरी अनेक किसिमका कानुन र योजनाहरू ल्याएर लोत्सोम्पाहरूलाई लखेट्ने षड्यन्त्र सुरु भएपछि केही विद्रोहका स्वरहरू पनि सुनिन थालेको भन्ने सन्दर्भबाट उपन्यासमा भुटान राज्य नै नागरिकलाई निर्वासित गर्नका लागि प्रतिबद्ध भएर लागेको बुझिन्छ ।

बर्माबाट विस्थापित भएका पात्रहरू भारतको लिखापानी आइपुगेपछि कामको खोजीमा दार्जिलिङ, सिक्किम, गुवाहटी मेघालय, भुटान र नेपालसम्म छरिन पुगेका छन् । यस क्रममा गुवाहटीको पूर्वमा रहेको गारोपहाडमा नेपाली समुदायले

बसौँदेखि भैँसी पालेर प्रशस्त आम्दानी गरिरहेको भन्ने सुनेका केही परिवार त्यतातिर पनि हिँडेका छन् तर त्यहाँ पनि नेपाली समुदायलाई विस्थापित गर्ने उद्देश्यले गारोहिल्स डिस्ट्रिक काउन्सिलले गोठ राख्नेहरूका लागि विभिन्न किसिमका बन्देजहरू लगाउन खोजेको कुरा उपन्यासमा यसरी आएको छ :

> एउटा भैँसीगोठमा २० माऊभन्दा बढी भैँसी पाल्न दिइने छैन । २० माऊसम्म भैँसी पाल्नेहरूले भैँसीको खजाना १० रूपैयाँ प्रतिमाऊ गरी तिर्नुपर्ने छ । २० माऊ भैँसी पालेर जीविका आर्जन गर्न नसक्नेहरूले त्यसभन्दा बढी भैँसी पाल्नका लागि २० दिसम्बर १९६५ भित्र डिस्ट्रिक काउन्सिलले उनीहरूलाई ३० माऊसम्म भैँसी पाल्ने अनुमति दिने छ तर २० माऊभन्दा बढी भैँसी पाल्नेहरूले २० माऊसम्मको खजाना १० रूपैयाँ प्रतिमाऊ र २० माऊदेखि ३० माऊसम्मको १५ रूपैयाँ प्रतिमाऊ तिर्नुपर्ने छ । ३० माऊभन्दा बढी भैँसी पाल्ने अनुमति भने कुनै हालतमा पनि दिइने छैन । (पृ. २१)

यस्तो सरकारी सूचनाले अधिकांश गोठधनी नेपालीहरूलाई व्यवसाय गर्न पाउने अधिकारबाट पनि वञ्चित गर्न खोजेको देखिन्छ । उपन्यासमा त्यहाँका दुई सयदेखि पाँचसयसम्म गाईभैँसी पालेर बसेका गोठधनीहरू सुरुमा निराश र सन्त्रस्त बनेको बताइएको छ । यसका साथै उपन्यासमा भुटानसँगै बर्माबाट लखेटिएका पात्रहरू पनि स्वदेश फिर्तीको अवसरबाट वञ्चित गरिएका देखिन्छन् । बर्माबाट खेदिएको आइतेका तलका भनाइले यस्ता पात्रहरू स्थायी रूपले लखेटिएर निर्वासनमा आधारहीन र घुमन्ते जीवन व्यतीत गरिरहेको सन्दर्भ उद्घाटन् भएको छ :

> बाजे रुखबाट झरेको पातको के आधार हुन्छ र ? हावाले जता उडायो त्यतै, पानीले जता बगायो त्यतै । काण्डबाट छुट्टिएपछि त्यो सकियो । म त सकिएको मान्छे । मेरो सारा इतिहास बर्मामा छोडियो, भविष्य बाटाभरि छर्दै आएँ, वर्तमान त मेरो छँदै छैन–जसमा टेकेर म उभिऊँ । (पृ. ७६)

व्यक्ति निर्धक्क भएर उभिने आधार भनेको उसको देश हो, जब देशबाटै लखेटिन्छ भने ऊ आफ्नो सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक आदि सबै किसिमको आधारसँगै भत्किएर हुरीको पातजस्तै परिचयहीन जीवन बाँच्नुको अर्को विकल्प पनि रहँदैन । यहाँ, निर्वासनमा यस्तै आधारहीन जीवन बाँचिरहेको आइतेले राज्यबाट स्थायी रूपले लखेटिएका पीडितहरूको प्रतितिधित्व गरेको छ ।

शरणार्थी उपन्यासमा राज्यबाट सधैँका लागि लखेटिएका पात्रहरू अनिश्चितताका कारण आफ्नो सांस्कृतिक पहिचानको सूत्र समातेर सोहीनुकूलका स्थानवरपर घुमन्ते जीवन बिताइरहेका छन् । उनीहरूमा विगतको स्मृतिमा हराउने र एक्लिँदै जाने जस्ता प्रवृत्ति पनि देखिएका छन् । जयमाया नेपाली जातीय संस्कृतिको मियोमा बाँधिएर नेपाली सांस्कृतिक भूगोलवरपर घुमिरहेकी छ भने विगतको पारिवारिक समृद्धि स्मरण गर्दै वर्तमानको कठिन परिस्थितिसँग जुध्न पनि सकेकी छ । त्यसै गरी चन्द्रप्रकाश, जयबहादर र बर्था जस्ता पात्रमा पनि आत्मीयजनबाट विछोडिनु परेका कारण एकान्तमा टोलाउने र बेला बेलामा झोक्किने जस्ता प्रवृत्ति देखिएका छन् । निर्वासित भएकै कारण उनीहरू आफ्नो राष्ट्रियतासम्बद्ध आत्मीयताबाट वञ्चित भएका छन् भने जयमाया र नोयोमा पारराष्ट्रिय कल्पनादृष्टि देखा परेको छ । त्यसैले उनीहरूले देशबाट लखेटिँदाका एक अर्काका कष्ट, यातना, निराशा र एकताबद्ध हुने चाहनामा समानुभूति गरेको पाइन्छ । प्रस्तुत उपन्यास सरकारले लागु गरेका बाध्यकारी कानुनका कारण स्वदेशमा बस्न नसकेर स्थायी रूपले विस्थापित भएका पात्रहरूको प्रयोग तथा उनीहरूले भोगेको आधारहीन घुमन्ते जीवनका कष्टकरण क्षणलाई निर्वासित

मुलुकमा सांस्कृतिक पहिचानको सूत्र समातेर वर्तमानमा आफूलाई समायोजन गर्न अपनाएको चिन्तनले राज्यको पीडितलाई सधैँका लागि लखेट्ने मनसाय प्रकटीकरणका दृष्टिले प्रभावकारी रहेको छ ।

## ५. निष्कर्ष

कृष्ण धरावासीको *शरणार्थी* उपन्यासमा बर्मा र भुटानबाट लखेटिएका नेपालीमूलका पात्रको निर्वासित जीवनका विषम परिस्थितिको भोगाइ, उनीहरूको जातीय सांस्कृतिक भूगोलवरपरको आधारहीन र घुमन्ते जीवनशैली तथा स्वदेश फिर्तीको दीर्घ आकाङ्क्षा प्रस्तुतीकरणबाट निर्वासन चिन्तन उद्घाटन भएको छ । प्रस्तुत अध्ययनमा कृतिविश्लेषणका लागि निर्धारण गरिएका तीन ओटा सङ्केतकहरूमध्ये बलपूर्वक पात्रको विस्थापनले नागरिकलाई बलजफ्ती निष्काशन गरेको मुलुक भुटानको विवाह र नागरिकताको नीतिका कारण पात्रहरू विस्थापित भएको र उनीहरूलाई तत्काल अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता परेको सन्दर्भबाट निर्वासनका समस्याको पहिचान गराइएको छ । विवाह जस्तो वैयक्तिक छनोटको मामिलामा समेत हस्तक्षेप गर्दै व्यक्तिको मौलिक अधिकार हनन् गरेको राष्ट्रिय सन्दर्भले नेपाली मूलका जनताले नागरिकको हैसियतमा सम्मानित जीवनशैली बाँच्न नपाएको देखाउँदै राज्यले गरेको पात्रको बलपूर्ण विस्थापनबाट देखा परेको निर्वासन चिन्तन विस्तारमा यो प्रभाकारी देखिएको छ । यसमा देशनिकाला गरिएका शरणार्थीको नेपालसँगको सम्बन्धलाई निर्वासनका क्षणमा विकसित जातीय सांस्कृतिक निकटताका रूपमा अर्थ्याइएको छ, जसमा व्यक्तिको पहिचानलाई विलुप्त बनाउने राज्यको दुष्कर्मबाट पीडित भएर नागरिकहरू विस्थापित हुनुपरेको अस्वथाप्रति सहानुभूति प्रकट भएको छ । नागरिकलाई सीमापार सार्ने कार्यका कोणबाट हेर्दा उपन्यास राज्यले ल्याएका अप्ठ्यारा नियमकानुनका कारण नागरिकमा सिर्जना भएको असुरक्षाको स्थिति तथा राज्य नै संलग्न रहेर छिमेकी देशको सहयोगमा उनीहरूलाई ट्रकमा कोचेर सीमा पार गराएको घटनाबाट नागरिकहरूमा विकसित परियचविहीन र आधारहीन निर्वासित जीवनपद्धति चित्रण गर्न सक्षम रहेको देखिन्छ । पीडितलाई स्थायी रूपले लखेट्ने राज्यको मनसाय यसमा कानुनी आधारबाटै व्यक्तिको पहिरन र धर्ममाथि प्रहार गरेर उनीहरूको जातीय सांस्कृतिक पहिचान मास्न खोजेको घटनाबाट प्रगाढ बनाइएको छ । त्यसैले उपन्यास उपर्युक्त निर्वासनका सन्दर्भहरूको आख्यानीकृत विन्यासद्वारा शरणार्थी र उनीहरूको निर्वासित मुलुकसँगको सम्बन्ध मूलतः जातीय सांस्कृतिक निकटता र अंशतः मानवतामा आधारित रहेको कुरालाई संवेदनशील ढङ्गले पुष्टि गर्न सफल रहेको छ । यसरी निर्वासन चिन्तनलाई उद्घाटन गर्नका लागि देखाइएको बलपूर्वक पात्रको विस्थापन, नागरिकलाई सीमापार सार्ने काम तथा पीडितलाई स्थायी रूपले लखेट्ने मनसायका कोणबाट विश्लेषण गर्दा प्रस्तुत उपन्यास पात्रलाई निर्वासित गर्ने राज्यको रणनीति उद्घाटन, त्यसबाट पात्रले भोगेको परिचयविहीन र यायावरीय जीवनशैलीका सङ्कटको कथन एवम् उनीहरूमा विकसित निर्वासन चिन्तन प्रसारका लागि अपनाइएको आख्यानीकरणको कौतूहलतापूर्ण र संवेदनशील अभिव्यक्ति निर्वासन चिन्तनको सचेत प्रकटीकरणका दृष्टिबाट प्रभावकारी रहेको देखिन्छ ।

### सन्दर्भ सामग्रीसूची

एटम, नेत्र (२०७०), *अन्तर्विषयक नेपाली समालोचना,* काठमाडौँ : एकता बुक्स ।

खालिङ, दान (२०६५), हिमालका सन्तानको कथा, *शरणार्थी* (ले. कृष्ण धरावासी), ललितपुर : साझा प्रकाशन. पृ. क–ञ ।

दहाल, फणीन्द्र (सन् २०२२), नेपाल भारत सीमाविवाद : कालापानी लिपुलेक र लिम्पियाधुरा क्षेत्रबारे वार्ता गर्न भारत किन अनिच्छुक ? कहिले भेटिएला समाधान ?. वेब. https://www.bbc.com/nepali/news-60116091

धरावासी, कृष्ण (२०६५), *शरणार्थी* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

पाठक, युग (२०७४), *माङ्गेना नेपाल मन्थन,* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

बञ्जारा, निलुफर (सन् २०२२, जुलाई), शरणार्थी उपन्यासमा जयमाया आफू मात्र लिखापानी आइपुगी कथाको पुनर्पठन, *DMC Journal*, *7*(6). pp. 36–41.

रेखा, रेग्मी (सन् २०२३, जुलाई), शरणार्थी उपन्यासमा विधामिश्रण. *Intelectual Inception*, *1*(1). pp. 141–155.

सइद, एडवार्ड डब्ल्यु (सन् २०१५), *वर्चस्व और प्रतिरोध* (अनु. रामकृति शुक्ल). नयी दिल्ली : नयी किताब प्रकाशन ।

Suárez-Orozco, Carola, Jin Bang, Hee, and Yeon Kim, Ha (2011). Growing up in the shadows: The developmental implications of unauthorized status. *Harvard Educational Review,* 81. pp. 438-72.

Suárez-Orozco, Carola, Jin Bang, Hee, and Yeon Kim, Ha (2011a). I felt like my heart was staying behind: psychological implications of family separations & reunifications for immigrant youth. *Journal of Adolescent Research*, *26*(2). pp. 222–257.

Zayas, Luis H., and Gulbas. Lauren E. (2017). Processes of belonging for citizen-children of undocumented Mexican immigrants. *Journal of Child and Family Studies*, 26. pp. 2463–2474.